"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ को लागि बहाल बिटौरीकर (हाटकर) संकलन सम्बन्धी शिलवन्दी दरभाउपत्र पेश गर्ने बारेको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८०/०३/१५ गते)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८०/०३/१३ गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम देहाय अनुसार बहाल बिटौरीकर (हाटकर) संकलन आ. व. २०८०/८१ भरको लागि बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र छुट्टाछुट्टै शिलवन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

| क्र. सं. | व्यवसायको नाम र क्षेत्र | बढाबढको लागि न्यूनतम बार्षिक ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|
| १ | खा. न. पा. १ स्थित टुँडीखेलमा बुधबारे तथा शनिबारे हाटकर संकलन | रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) | |
| २ | खा. न. पा. ९, तुम्लिङटार स्थित शुक्रबारे हाटकर संकलन | रु. ४०,०००।- (चालिस हजार मात्र) | |

१. शिलवन्दी दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।- (अक्षेरुपि एक हजार मात्र) यस नगरपालिकाको राजश्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ठीक १२:०० वजे भित्रमा यस नगरकार्यपालिकाको कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ । रितपूर्वक पर्न आएको शिलवन्दी दरभाउपत्रहरु सोहि दिनको २:०० वजे दरभाउपत्र पेशकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेशकर्ताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा परेको मानिने छैन ।

३. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिका कार्यालयमा निहित रहनेछ ।

४. दरभाउपत्र स्विकृत भएको ७ (सात) दिनभित्र सम्बन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अंक वरावरको गनी महशुल बुझाउनुपर्नेछ ।

५. दरभाउपत्र पेश गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बांकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो दरभाउपत्र पेश गर्नेको दरभाउपत्र पेश भएको भए पनि बदर गरिनेछ ।

६. कर संकलन सम्बन्धमा खाँदबारी नगरपालिकाले आर्थिक ऐनमा तोकेबमोजिमको दररेट अनुसार बहाल बिटौरीकर उठाउनुपर्नेछ ।

७. दरभाउपत्रदाताले कवोल अंकसाथ यस कार्यालयको राजश्व उपशाखामा कवोल अंकको २.५ प्रतिशतले हुन आउने रकम धरौटी वापत् जम्मा गरेको सक्कलै नगदी रसिद वा नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैकहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको बिडबण्ड संलग्न राख्नुपर्नेछ ।

**क्रमशः**

नि प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

८. शिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

९. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको प्रशासन उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसैबमोजिम हुनेछन् । उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानूनवमोजिम हुनेछ ।

..............................

दीपकमणि घिमिरे

नि.प्रमुख प्रशासकीय अधिकृत

नि प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४

वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com